# आ.व. २०८०/८१ मा अस्पतालहरूबाट सञ्चालन हुने स्वीकृत कार्यक्रमहरूको सञ्चालन मापदण्ड, २०८०

मिति २०८०/०४/३२ (मा.मन्त्रीस्तर) को निर्णयानुसार स्वीकृत

गण्डकी प्रदेश सरकार

**सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय**

पोखरा, कास्की, नेपाल

## कार्यक्रम सञ्चालन/कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८०

१. कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नु पूर्व यस मापदण्डको अधिनमा रही कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नु पर्नेछ ।

२. यस मापदण्डमा उल्लेख भएका कार्यक्रमहरु सञ्चालन एवं कार्यान्वयन गर्ने/गराउने प्रमुख जिम्मेवारी कार्यालय प्रमुखको रहनेछ भने समन्वयकारी भूमिका कार्यक्रमको जिम्मेवार व्यक्तिको रहनेछ ।

३. कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्न पूर्व तयारी स्वरुप कार्यक्रम सञ्चालन प्रकृया, सहभागी संख्या, श्रोत व्यक्ति, सहजकर्ता, कार्यक्रम सञ्चालन हुने मिति, समय र स्थान तथा अन्य विषयमा आवश्यक छलफल एवं परामर्श गरी कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नु पर्नेछ ।

४. कार्यक्रम सञ्चालन गर्दा कार्यालय प्रमुख, लेखा प्रमुख र कार्यक्रमको जिम्मेवार प्राप्त कर्मचारीको समन्वयमा कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नु पर्नेछ ।

५. चालु आ.व. २०८०/०८१ मा विनियोजन भएको बजेटको आर्थिक दायित्व आगामी आ.व. मा सर्ने एवं विनियोजित बजेट भन्दा थप आर्थिक दायित्व सृजित हुने गरी कार्यक्रम सञ्चालन गर्न पाइने छैन । यसरी कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गरेको पाइएमा स्वयं थप आर्थिक दायित्व सृजना गर्ने अधिकारीबाट थप आर्थिक दायित्वको शोधभर्ना गर्नु पर्नेछ ।

६. सम्पादित कार्यक्रमको आ.ले.प. र म.ले.प. गराउने दायित्व सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको हुनेछ ।

७. कार्यक्रमको वित्तीय र भौतिक प्रगति त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा तालुक निकायमा पठाउनु पर्नेछ साथै आवश्यकतानुसार कार्यक्रमहरुको अनुगमन, मूल्यांकन, सहजिकरण एवं अनुशिक्षण तालुक निकायबाट हुनेछ ।

८. यस मापदण्डको कुनै विषय अस्पष्ट भएमा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयमा सम्पर्क गरी स्पष्ट हुनुपर्नेछ ।

९. यस मापदण्ड बमोजिम कार्यक्रम सञ्चालन गर्दा यस मापदण्डलाई पथ प्रदर्शकको रुपमा लिई स्वीकृत कार्यक्रमको बजेटको अधिनमा रही तपसिलमा उल्लेखित प्रचलित कानूनको अधिनमा रही कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नु पर्नेछ ।

**तपसिलः**

- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली [संशोधन सहित], २०६४,
- भ्रमण खर्च नियमावली, २०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९
- गण्डकी प्रदेश आर्थिक ऐन, २०८०
- गण्डकी प्रदेश विनियोजन ऐन, २०८०
- बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि [तेस्रो संशोधन सहित], २०७७
- बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०८०
- प्रदेश खर्चको मापदण्ड, २०७९
- आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेशबाट जारीः आर्थिक वर्ष २०८०/०८१ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८०
- सार्वजनिक खर्चलाई मितव्ययिता तथा प्रभावकारी बनाउने सम्वन्धी मापदण्ड, २०७८
- अन्य प्रचलित कानून बमोजिम जारी भएका ऐन, नियमावली, कार्यविधि, गठन आदेश, मापदण्ड एवं निर्देशिकालाई आधार मानी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ साथै प्रचलित कानून [ऐन/नियमावली/कार्यविधि/मापदण्ड आदी] मा संशोधन वा जारी भएमा सो समेतलाई समावेश गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

## विषयसूची:

१. अस्पतालबाट नि: शुल्क रुपमा गरिने परीक्षण लगायतको सेवा (१० वर्ष मुनिका बालबालिका र ६० वर्ष भन्दा माथिका व्यक्तिहरुको लागि)........ 1
२. मासिक HMIS Reporting, अस्पतालहरुमा सञ्चालित कार्यक्रमहरुको HMIS Data Verification र समिक्षा........ 2
३. मासिक VIA Screening कार्यक्रम........ 5
४. डायलाइसिस सेवा सञ्चालनको लागि आवश्यक कन्जुमेवल्स खरिद........ 7
५. भर्ना भएका विरामीहरुको लागि खाद्यान्न........ 9
६. दन्त सेवा संचालन कार्यक्रम [निरन्तता]........ 10
७. आकस्मिक/महामारी/बिपद्को समयमा आधारभूत तथा अत्यावश्यक औषधी रिएजेन्ट लगायतका स्वास्थ्य सामग्री खरिद........ 12
८. आँखा उपचार सेवा कार्यक्रम [निरन्तरता]........ 14
९. स्वीकृत कार्यविधि बमोजिम रगत तथा रगतजन्य सेवा नि:शुल्क व्यवस्थापन........ 15
१०. गर्भवती महिलाहरुको लागी अस्पतालमा नि:शुल्क USG कार्यक्रम (३ देखि ६ महिनाको गर्भवती महिला)........ 17
११. अस्पतालमा गुणस्तरीय सेवा संचालन एवं प्रवाहका लागी न्यूनतम स्वास्थ्य सेवा मापदण्ड (MSS) कार्ययोजना कार्यान्वयन एवं संचालन [Hospital Strengthening Program]........ 19
१२. अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धिका लागि Continuing Medical Education (CME) कार्यक्रम........ 22
१३. नर्सिङ्ग कर्मचारीका लागि CPD (Continuing Professional Development) कार्यक्रम........ 24
१४. मुक्तिनाथमा हाई अल्टिच्युट सिक्नेस उपचार केन्द्र सञ्चालन........ 26
१५. Uterine Prolapse नि: शुल्क शल्यक्रिया कार्यक्रम........ 28
१६. कृत्रिम हातखुट्टा परियोजना संचालन [निरन्तरता]........ 30
१७. फिजियोथेरापी सेवा संचालन कार्यक्रम........ 31
१८. सर्पदंश उपचार केन्द्र संचालन [निरन्तरता]........ 32
१९. Blood Bank स्थापना तथा संचालन........ 33
२०. Hydrocele शल्यक्रिया कार्यक्रम........ 35
२१. थालेसिमिया/ हेमोफिलियाको नि:शुल्क उपचार........ 36
२२. डिआर टिवि रिफरल सेन्टर सञ्चालन [निरन्तरता]........ 38
२३. सिकलसेल एनिमियाको नि:शुल्क उपचार........ 39
२४. अति गरिव, विपन्न एवं बेबारिसे व्यक्तिहरुको स्वास्थ्य उपचार सेवा[निरन्तरता]........ 40

## १. अस्पतालबाट नि: शुल्क रुपमा गरिने परीक्षण लगायतको सेवा (१० वर्ष मुनिका बालबालिका र ६० वर्ष भन्दा माथिका व्यक्तिहरुको लागि)

| PLMBIS code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.९३७ | २२५२२ | ४ | पटक | मनाङ र मुस्ताङ अस्पतालमा रू ३ लाख ८० हजार, बेनी अस्पताल ८ लाख<br>पर्वत ,गोरखा, दमौली, स्याङ्जा मातृशिशु मितेरी अस्पताल ९ लाख<br>धौलागिरि अस्पताल १२ लाख<br>मध्यविन्दु अस्पताल १० लाख<br>लमजुङ अस्पताल ११ लाख | सबै |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | नेपालको संविधानले सबै जनताको आधारभूत स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा स्थापित गरेकोछ।१० बर्ष मुनिका बालबालिकाहरु र ६० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई प्रयोगशाला सेवा र बहिरङ्ग टिकट नि:शुल्क प्रदान गरी संविधान प्रदत्त अधिकारको सुनिश्चितताको लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | १० बर्ष मुनिका बालबालिकाहरु र ६० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई नि:शुल्क प्रयोगशाला सेवा प्रवाह गरी स्वास्थ्य उपचार हुने आर्थीक व्ययभार न्यूनीकरण गर्नु। |
| अपेक्षित प्रतिफल | १० बर्ष मुनिका बालबालिकाहरु र ६० वर्ष माथिका जेष्ठ नागरिकहरुले स्वास्थ्य सेवा प्राप्त गरी स्वास्थ्यमा सहज पहुँच बृद्धि हुनेछ। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | मनाङ, मुस्ताङ, बेनी, धौलागिरी, पर्वत, स्याङ्जा, मातृशिशु मितेरी, दमौली, गोरखा, लमजुङ, मध्यविन्दु जिल्ला अस्पताल |
| कार्य सञ्चालन प्रकृया | लक्षित समूहका सेवाग्राहीहरुलाई स्वास्थ्य बिमा, जेराट्रिक, सामाजिक सेवा इकाई , एसएनसियु लगायतका कार्यक्रमबाट नै अनिवार्य सेवा प्रदान गरी अन्य सेवाग्राही र थप सेवाको लागि १० बर्ष मुनिका बालबालिकाहरु र ६० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई नेपाल सरकार वा सरकारी निकायले जारी गरेको उमेर खुल्ने परिचयपत्रको आधारमा बहिरङ्ग टिकट नि:शुल्क गर्ने र |

| विषयवस्तु | विवरण |
|---|---|
| | चिकित्सकको सिफारिसमा आवश्यकता अनुसार १० बर्ष मुनिका बालबालिकाहरुको CBC,CRP, RBS, Urine RE/ME , Stool RE/ME र ६० वर्ष माथिका जेष्ठ नागरिकहरुको CBC, S. creatinine and urea, Blood sugar (Random, PP, Fasting) Urine RE/ME, Stool RE/ME, Lipid profile प्रयोगशाला परीक्षण नि: शुल्क गर्नुपर्नेछ । |
| **बजेट बाँडफाँट** | नि:शुल्क बहिरङ टिकट शुल्क शोधभर्ना वापत रु १५ प्रति सेवाग्राही<br><br>बाँकी बजेटबाट प्रयोगशाला सेवा नि:शुल्क प्रदान गरी शोधभर्ना गर्ने । |
| **अनुगमन र मूल्याङ्कन** | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय। |
| **प्रतिवेदन** | कार्यक्रमको जिम्मेवारी पाएको कर्मचारीले अनिवार्य रुपमा तोकिएको ढाँचामा कार्यक्रम संयोजन गरि मासिक रुपमा सम्बन्धित कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। साथै, कार्यालयले मासिक प्रगति प्रतिवेदन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## २. मासिक HMIS Reporting, अस्पतालहरुमा सञ्चालित कार्यक्रमहरुको HMIS Data Verification र समिक्षा

| PLMBIS code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रु ) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८६६ | २२५२२ | ४ | पटक | सवै अस्पतालहरू- ३ लाख | सबै |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | स्वास्थ्य सेवा प्रदान गर्दा अस्पतालहरुले उक्त सेवाको विवरण तोकिएको फर्म फर्म्याटमा अभिलेख राख्ने र त्यस्ता अभिलेखहरु व्यवस्थित रुपमा हेर्न र प्रयोग गर्न मासिक रुपमा DHIS२/EMR सफ्टवेरमा प्रविष्टि भएको हुनुपर्दछ। यस्ता रेकर्ड र रिपोर्टमा एकरुपता, शुद्धता, नियमितता हुने गरी तथ्याङ्कलाई व्यवस्थित रुपमा राखे नराखेको हेरी कर्मचारी स्वयंलाई उक्त कुराको बोध गराउन र तथ्याङ्कको गुणस्तर अभिवृद्धि गर्न महत्वपूर्ण हुन्छ। गण्डकी प्रदेश स्तरका अस्पतालहरुमा तथ्याङ्कको रेकर्ड र रिपोर्ट चुस्त दुरुस्त राख्ने र |

<table>
<tr><th>विषयवस्तु</th><th>विवरण</th></tr>
<tr><td></td><td>मासिक अभिलेख तथा प्रतिवेदन Online Reporting (HMIS/DHIS२/EMR) गर्नुका साथै अस्पतालहरुको वार्षिक समिक्षा गर्ने अभिप्रायले यो कार्यक्रम राखिएको हो।</td></tr>
<tr><td>उद्देश्य</td><td>अस्पतालको स्वास्थ्य तथ्याङ्कहरुको अभिलेख तथा प्रतिवेदनमा पूर्णता, एकरुपता, आधिकारिकता, निरन्तरता र विश्वसनियता पहिचान एवं मूल्याङ्कन गरी प्रणालीगत गुणस्तर अभिवृद्धि गर्नु।</td></tr>
<tr><td>अपेक्षित प्रतिफल</td><td>गुणस्तरीय तथ्याङ्क प्रणालीमा सुधार भई अस्पतालको स्वास्थ्य सूचना प्रणाली चुस्तदुरुस्त भएको हुनेछ।</td></tr>
<tr><td>कार्यक्रम सञ्चालन गर्ने निकाय</td><td>मनाङ, मुस्ताङ, बेनी, धौलागिरी, पर्वत, स्याङ्जा, मातृशिशु मितेरी, दमौली, लमजुङ, गोरखा, मध्यविन्दु जिल्ला अस्पताल</td></tr>
<tr><td>कार्य सञ्चालन प्रकृया</td><td>● अस्पतालमा देहायअनुसारको एक कार्यदल गठन गर्नुपर्नेछ।<br>▪ अस्पतालको मे.सु. -अध्यक्ष<br>▪ नर्सिङ प्रमुख /मेट्रोन -सदस्य<br>▪ ओ.पि.डि. इन्चार्ज -सदस्य<br>▪ इन्डोर इन्चार्ज -सदस्य<br>▪ इमर्जेन्सी इन्चार्ज -सदस्य<br>▪ प्रयोगशाला इन्चार्ज -सदस्य<br>▪ रेडियो इमेजिङ्ग इन्चार्ज -सदस्य<br>▪ सामाजिक सेवा इकाई इन्चार्ज -सदस्य<br>▪ तथ्याङ्क (मेडिकल रेकर्ड) प्रमुख -सदस्य सचिव<br>● ए.आर.टि., ओ.टि. एमसिएच, फार्मेसी इकाई लगायत अस्पतालका सवै विभागीय प्रमुखहरु समितिको सदस्य रहनेछन् ।<br>● प्रशासन र लेखा शाखा प्रमुखलाई आमन्त्रित सदस्यका रूपमा बैठकमा आमन्त्रण गर्न सकिने छ ।<br>● स्वास्थ्य निर्देशनालय, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय , गण्डकी प्रदेशका तथ्याङ्क अधिकृत/मेडिकल रेकर्ड अधिकृत/निरीक्षक/सुपरभाइजरलाई आमन्त्रित सदस्यका रूपमा कम्तिमा त्रैमासिक बैठकमा आमन्त्रण गर्नुपर्नेछ।<br>● प्रत्येक महिनाको पहिलो हप्ता मासिक रूपमा समितिको बैठक बस्नुपर्नेछ।<br>● कार्यदलको एक छुट्टै बैठक पुस्तिका खडा गरी कार्यदलको अध्यक्ष र सदस्य सचिवले बैठकका निर्णयको प्रमाणीकरण गरी उचित अभिलेखीकरण गर्ने।</td></tr>
</table>

| विषयवस्तु | विवरण |
|---|---|
| | ● कार्यदलका सदस्यले आ-आफ्नो विभाग/शाखाबाट मासिक रूपमा प्रवाह भएको सेवा अनुसारको तथ्याङ्क (तोकिएको ढाँचामा) तयार पारी प्रमाणीकरण गरी बैठकमा प्रस्तुत गरी समीक्षा गर्नुपर्ने।<br>● सरोकारवालाहरुको सहभागितामा अस्पतालको अर्ध-बार्षिक/बार्षिक समिक्षा गर्ने ।<br>● कार्यदलले प्रत्येक महिनाको अभिलेख तथा प्रतिवेदन (Recording & Reporting Tools) बारे समीक्षा गरी HMIS ९.४ /EMR प्रतिवेदनका लागि तथ्याङ्क तयार पार्नुपर्ने।<br>● मेडिकल रेकर्ड शाखाले सो को आधारमा DHIS-२ मा निर्धारित समयमा नै Data Entry गरी प्रतिवेदन गर्ने।<br>● मासिक रुपमा Data Verification गर्दा Notifiable Disease देखिएमा सम्वन्धित Case को Indepth Review गरी प्रतिवेदन गर्ने।<br>● Data Error भएको पाईएमा अभिलेख भिडाई छलफल गरी Data verification गर्ने।<br>● वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने<br>● तथ्याङ्कको Variation देखिएमा त्यसलाई सच्याउन अस्पतालका कर्मचारीलाई अभिप्रेरित र पृष्ठपोषण प्रदान गरी सच्याउने। |
| **बजेट बाँडफाँट** | ● प्रचलित आर्थिक ऐन नियम एवं गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड,२०७९ बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिने छ।<br>● कार्यक्रममा उल्लिखित विषयवस्तु संलग्न गरी उल्लिखित समितिकी सदस्य सचिव (मेडिकल रेकर्ड प्रमुख) ले प्रत्येक महिनाको पहिलो हप्ता भित्र अनिवार्य प्रस्तुतीकरण (Power Point Slide Show) गर्ने र सो बापत मासिक रू.१,०००/- (एक हजार) उपलब्ध हुनेछ। उपस्थित प्रति सदस्य प्रति बैठक रू. ७००/- (सात सय) का दरले बैठक भत्ता प्रदान गर्न सकिनेछ।प्रति सहभागी रु २०० खाजा वापत खर्च गर्न सकिनेछ। |
| **अनुगमन र मूल्याङ्कन** | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र र स्वास्थ्य निर्देशनालयबाट अनुगमन तथा मूल्याङ्कन हुनेछ। |
| **प्रतिवेदन** | DHIS२ Software /EMR मा देखिएका नीतिगत, प्रकृयागत समस्या भएमा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश र DHIS २ Software /EMR सम्वन्धि सुधारका पक्षहरु स्वास्थ्य सेवा विभाग IHIMS शाखामा प्रतिवेदन गर्ने। कार्यक्रम सम्पन्न पश्चात मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा मासिक त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदन गर्ने। |

## ३. मासिक VIA Screening कार्यक्रम

| PLMBIS code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम ( रु.) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८७ ३ | २२५२२ | १२ | पटक | मनाङ र मुस्ताङ् अस्पताल ६० हजार र अन्य अस्पतालहरु १लाख २० हजार | सबै |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | विश्व स्वास्थ्य सँगठनले पाठेघरको मुखको क्यान्सर उन्मुलन रणनीति, २०२० (Global Strategy to accelerate elimination of cervical cancer as a Public Health Problem, २०२० ) मा ३० वर्ष भन्दा माथिका महिलाहरूलाई पाठेघरको मुखको क्यान्सर screening गरी elimination गर्ने रणनीति बनाएको छ। उक्त रणनीति बमोजिम अस्पतालमा कार्यक्रम सञ्चालन गर्नको लागि यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | ३० वर्ष भन्दा माथिका महिलाहरूलाई पाठेघरको मुखको क्यान्सरको screening गरी समयमै सम्भावित क्यान्सरको अवस्थाको पहिचान हुनु। |
| **अपेक्षित प्रतिफल** | ● ३० वर्ष भन्दा माथिका महिलाहरूलाई पाठेघरको मुखको क्यान्सरको screening भई समयमै सम्भावित क्यान्सरको अवस्थाको पहिचान गरी चिकित्सकीय परामर्श उपलब्ध भएको हुनेछ।<br>● सम्भावित बिरामीलाई निदान तथा उपचारको लागि आवश्यकता अनुसार उपचार वा प्रेषण गरिएको हुनेछ। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | मनाङ्ग, मुस्ताङ, बेनी, धौलागिरी, पर्वत, स्याङ्जा, मातृशिशु मितेरी, दमौली, लमजुङ, गोरखा, मध्यविन्दु जिल्ला अस्पताल |
| **कार्य सञ्चालन प्रकृया** | ● प्रत्येक अस्पतालमा हरेक हप्ताको एक दिन OPD समयमा VIA Screening गर्ने व्यवस्था मिलाउने। |

| विषयवस्तु | विवरण |
|---|---|
| | ● अस्पतालमा सो सेवा उपलब्ध भएको सम्बन्धमा सम्बन्धित स्वास्थ्य कार्यालयसँगको समन्वयमा रेडियो/पत्र-पत्रिकामा जनचेतनामुलक सूचना प्रसारण गर्ने व्यवस्था मिलाउने।<br>● Gynaecologist वा तालिम प्राप्त चिकित्सक, नर्स एवं स्वास्थ्यकर्मीले Screening गर्नेछन्<br>● सो सेवाको अभिलेख सम्बन्धित सेवा रजिष्टरमा अद्यावधिक गर्नुपर्नेछ।<br>● सो कार्यमा संलग्न कर्मचारी (चिकित्सक/स्वास्थ्यकर्मी र कार्यालय सहयोगी) को समूहलाई Case Base का आधारमा प्रति Case सेवा प्रदायकलाई रू. २५/- (पच्चिस) र सहयोगीलाई रू. १५/- (पन्ध्र) प्रोत्साहन स्वरूप उपलब्ध गराइनेछ।<br>● सेवा रजिष्टरमा अद्यावधिक अभिलेखीकरण गर्ने र सो का आधारमा मात्रै प्रोत्साहन भत्ता भुक्तानी गर्ने।<br>● आवश्यक सामग्रीहरू (Gloves, Cotton, Acetic Acid, speculum , perilight etc.) नियमानुसार खरिद गर्ने। |
| **बजेट बाँडफाँट** | सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४(संसोधन साहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड, २०७९ को बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिने छ। |
| **अनुगमन र मूल्याङ्कन** | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न पश्चात प्रगति प्रतिवेदन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ। |

## ४. डायलाइसिस सेवा सञ्चालनको लागि आवश्यक कन्जुमेवल्स खरिद

| PLMBIS code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम ( रु.) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८७० | २२५२२ | ४ | पटक | लमजुङ र दमौली अस्पताल ११ लाख ४० हजार<br>धौलागिरि बेनी स्याङ्जा गोरखा ५लाख ४० हजार<br>पर्वत ४ लाख ४० हजार<br>मध्यविन्दु ७ लाख ४० हजार | सबै |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | विभिन्न नसर्ने रोगहरुको भार वढिरहेको वर्तमान अवस्थामा मृगौलासँग सम्बन्धित समस्या पनि प्रमुख रूपमा देखिएको छ ।जीवन शैलीमा परिवर्तन गरी उक्त समस्याको रोकथाम गर्नु महत्वपूर्ण कार्य हो तर समस्या देखा परिसकेपछि प्रभावकारी सेवा प्राप्त गर्नु नागरिकको अधिकार हो।यसै कुरालाई मध्यनजर गरी यस प्रदेशका विभिन्न अस्पतालहरुमा सेवाग्राहीका लागि गुणस्तरीय डायलाईसिस सेवाको पहुँच विस्तार गर्नका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | डायलाइसिस सेवा आवश्यक भएका सेवाग्राहीहरुलाई समयमा गुणस्तरीय सेवा अविछन्न रुपमा प्रदान गर्नु । |
| अपेक्षित प्रतिफल | डायलाईसिस सेवा सञ्चालनका लागि उपकरण मर्मत तथा कन्जुमेबल्स सामग्री खरिद भई नियमित डायलाईसिस सेवाको सुनिश्चितता भएको हुनेछ। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | बेनी, धौलागिरी, पर्वत, स्याङ्जा, दमौली, लमजुङ, गोरखा, मध्यविन्दु जिल्ला अस्पताल |
| कार्य सञ्चालन प्रकृया | ● खरिद इकाईबाट डायलाइसिस सेवा सञ्चालन भएका बेनी, धौलागिरी, पर्वत, स्याङ्जा, दमौली, लमजुङ, गोरखा, मध्यविन्दु जिल्ला अस्पतालहरुमा डायलाईसिस सेवा सञ्चालनका लागि आवश्यक उपकरण मर्मत एवं कन्जुमेवल्स (Part A, Part B, Dialyser, AV-Tubing, Normal Saline, Citric Acid etc.) को सूची तयार गरी प्रचलित नियमानुसार खरिद गर्ने |

| विषयवस्तु | विवरण |
|---|---|
| | ● RO Water को हरेक तीन महिनामा गुणस्तर मापन (जाँच) गर्ने । |
| **बजेट बाँडफाट** | सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४(संसोधन साहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७९ को बमोजिमबजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिनेछ । |
| **अनुगमन र मूल्याङ्कन** | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश। |
| **प्रतिवेदन** | कार्यक्रमको जिम्मेवारी पाएको कर्मचारीले अनिवार्य रुपमा तोकिएको ढाँचामा कार्यक्रम सञ्चालन पश्चात सम्बन्धित कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। साथै, कार्यालयले प्रगति प्रतिवेदन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## ५. भर्ना भएका विरामीहरुको लागि खाद्यान्न

| PLMBIS code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम ( रु) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| ७.१.२.४ | २७१११ | १२ | पटक | मनाङ्ग अस्पताल- ३ लाख १२ हजार<br>मुस्ताङ्ग अस्पताल ४ लाख ८० हजार<br>मातृ शिशु मितेरी ९ लाख ९६ हजार<br>मध्यविन्दु १५ लाख ३६ हजार र अन्य अस्पतालहरू- १२ लाख | सबै |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | अस्पतालमा भर्ना हुने बिरामीका लागि स्वस्थ खाना उपलब्ध भएमा बिरामीको स्वास्थ्य अवस्थामा द्रुत सुधार हुने भएकोले अस्पतालमा नि:शुल्क रूपमा खाद्यान्न उपलब्ध गराउनका लागि यो कार्यक्रम राखिएको छ। |
| **उद्देश्य** | अस्पतालमा भर्ना हुने बिरामीका लागि स्वस्थ खाना नि:शुल्क रूपमा उपलब्ध गराउँनु । |
| **अपेक्षित प्रतिफल** | अस्पतालमा भर्ना हुने बिरामीका लागि स्वस्थ खाना नि:शुल्क रूपमा उपलब्ध भई आर्थिक भार कम  हुने र अस्पतालको बसाई सहज हुनेछ। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | मनाङ्ग, मुस्ताङ, बेनी, धौलागिरी, पर्वत, स्याङ्जा, मातृशिशु मितेरी, दमौली, लमजुङ, गोरखा, मध्यविन्दु जिल्ला अस्पताल |
| **कार्य सञ्चालन प्रकृया** | ● अस्पतालमा क्यान्टिन सञ्चालनमा **रहेको अवस्थामा** प्रति छाकका हिसाबले सञ्चालित क्यान्टिनबाट स्वीकृत दररेटमा अस्पतालको अन्तरंग विभागमा भर्ना भएका बिरामीहरू मध्ये आफैं खर्च व्यवस्थापन गर्न नसक्ने वा आर्थिक अवस्था कमजोर भएका बिरामीलाई बिहान-बेलुका दुई छाक शाकाहारी खाना उपलब्ध गराउने व्यवस्था गर्ने।<br>● चिकित्सकको सिफारिसमा आवश्यकता अनुसार विरामीहरुलाई थप प्रति दिन २ वटा अण्डा प्रदान गर्न सकिनेछ।<br>अस्पतालको आफ्नै क्यान्टिन सञ्चालन **नभएको अवस्थामा** सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट स्वीकृत जिल्ला दररेटलाई आधार मानी अस्पतालमा भर्ना हुने बिरामीका |

| विषयवस्तु | विवरण |
|---|---|
| | लागि खाना समेत खुवाउने गरी खाद्यान्न (जस्तै: चामल, दाल, नुन, तेल, मौसम अनुसारको तरकारी आदि) उपलब्ध गराउन टेन्डर वा कोटेशनबाट आपूर्तिकर्ता छनौट गर्ने।<br>● प्रति दिन भर्ना भएका बिरामीको संख्या र सो अनुसारको खानाको कुल छाकको संख्या On Duty Doctor/Indoor Incharge  ले सिफारिस गरी नर्सिङ् प्रमुखले रुजु गरि मे.सु ले प्रमाणित गर्ने।<br>● हरेक महिना अस्पतालमा सञ्चालन हुने Monthly Data Verification कार्यक्रमबाट HMIS/DHIS२ को प्रतिवेदनका आधारमा प्रति महिना भर्ना भएका कुल बिरामी संख्या र उपलब्ध खानाको संख्या यकिन गर्ने। |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४(संसोधन साहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड, २०७९ को बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिने छ। |
| अनुगमन र मूल्याङ्कन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय  र स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश। |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न पश्चात प्रगति प्रतिवेदन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय  र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ। |

## ६. दन्त सेवा संचालन कार्यक्रम [निरन्तता]

| PLMBIS code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम ( रु.) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| **२.७.२२.८७७** | **२२५२२** | **४** | **पटक** | **दमौली, स्याङ्जा, मध्यविन्दु र मातृशिशु मितेरी अस्पताल-६ लाख** | **सबै** |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | नेपालमा दन्त सम्वन्धी समस्याहरु दिन प्रति दिन बढ्दो क्रममा छ। नेपाल सरकारको मुख स्वास्थ्य सम्बन्धी स्वीकृत कार्यक्रम अनुसार दन्त सेवालाई विस्तार गर्नुका साथै ५० शैयाका अस्पतालबाट प्रदान हुनुपर्ने सेवा मध्ये दन्त सेवा पनि रहेकोले सो सेवा निरन्तरताका लागि यो कार्यक्रम राखिएको छ। |

| विषयवस्तु | विवरण |
|---|---|
| उद्देश्य | अस्पतालमा दन्त सेवा कार्यक्रमको निरन्तरता हुनु । |
| अपेक्षित प्रतिफल | दमौली ,स्याङजा, मध्यविन्दु र मातृशिशु मितेरी अस्पतालमा दन्त सेवा कार्यक्रमको निरन्तरता भएको हुनेछ । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | दमौली ,स्याङजा, मध्यविन्दु र मातृशिशु मितेरी अस्पताल |
| कार्य सञ्चालन प्रकृया | • विनियोजित रकमबाट कर्मचारी व्यवस्थापनमा डेन्टल सर्जन/डेन्टल हाईजेनिष्टको तलब तथा आवश्यक सामग्री खरिद लगायतमा बजेट खर्च गर्न सकिनेछ ।<br>• अस्पतालमा दन्त सेवा निरन्तरताका लागि सो सेवासँग सम्बन्धित उपकरण (Dental Chair/Table, RVG, Dental X-ray लगायत) उपकरणको मर्मत सम्भार एवम् कन्जुमेवल (Sodium Hypochloride, Composite, Suction Tube, X-ray Sencer Cover, Mouth Mirror, RCCal, RCHal, Endomotor, Dental Forcep, RCT Filling Files लगायत) को खरिद गर्ने।<br>• सेवा प्रदायकले निर्दिष्ट सेवा रजिस्टरमा अनिवार्य HMIS अभिलेख राखी DHIS२ मा मासिक प्रतिवेदनका लागि सम्बन्धित शाखामा अभिलेख उपलब्ध गराउने। |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४(संसोधन साहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७९को बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिने छ । |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य निर्देशनालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेश । |
| प्रतिवेदन | स्वास्थ्य निर्देशनालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय मा प्रगति प्रतिवेदन पठाउनु पर्नेछ । |

## ७. आकस्मिक/महामारी/बिपद्को समयमा आधारभूत तथा अत्यावश्यक औषधी रिएजेन्ट लगायतका स्वास्थ्य सामग्री खरिद

| PLMBIS code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रु) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| ७.२.११.८ | २७२१३ | १ | पटक | ३ लाख | पहिलो, दोस्रो, तेस्रो |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | नेपालको संविधान अनुरुप आम नेपाली नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवाका साथै नि:शुल्क औषधीहरुको उपलव्धता तथा सुनिश्चतता गर्न आधारभूत स्वास्थ्य सेवा कार्यक्रम लागू गरीएको हो। आकस्मिक/विपद्/महामारी जस्ता अवस्थामा स्वास्थ्य सेवा प्रवाहको लागि आधारभूत एवं अत्यावश्यक औषधीको सूचीमा रहेका औषधीहरु, रिएजेन्ट तथा आर. डि. टि. किट जस्ता सामग्रीहरु खरिद गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | आकस्मिक/विपद्/महामारी जस्ता अवस्थामा स्वास्थ्य सेवा प्रवाहको लागि आधारभूत एवं अत्यावश्यक औषधीहरु,रिएजेन्ट जस्ता सामग्रीहरु समयमानै उपलब्ध भई स्वास्थ्य सेवा प्रवाह सहज हुन। |
| अपेक्षित प्रतिफल | आकस्मिक/विपद्/महामारी जस्ता अवस्थामा स्वास्थ्य सेवा प्रवाहको लागि आधारभूत एवं अत्यावश्यक औषधीहरु,रिएजेन्ट जस्ता सामहरु नियमित उपलब्ध भई ,गुणस्तरीय र प्रभावकारी स्वास्थ सेवा प्रवाहमा सहयोग पुगेको हुनेछ। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | मनाङ्ग, मुस्ताङ, बेनी, धौलागिरी, पर्वत, स्याङ्जा, मातृशिशु मितेरी, दमौली, लमजुङ, गोरखा, मध्यविन्दु जिल्ला अस्पताल |
| कार्य सञ्चालन प्रकृया | ● खरिद समितिबाट आधारभूत एवं आवश्यक पर्ने औषधी तथा सामग्री (MSS को निर्देशिकामा तोके अनुसार) हरुको सूची तयार गर्ने।<br>● यस प्रकारका औषधीहरु प्राय: प्रेषण भई आएका बिरामीको उपचार गर्न जिल्ला अस्पतालमा प्रयोग हुने औषधीहरुको लागत अनुमान सहितको सामग्री सूची र स्पेसिफिकेसन एवम् परिमाण तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गर्ने। |

| विषयवस्तु | विवरण |
|---|---|
| | ● आवश्यक पर्ने औषधी तथा सामग्रीहरु डब्लुएचओ जिएमपि (WHO-GMP) सर्टिफाइड कम्पनिहरूबाट उत्पादन भएको खरिद गर्ने।<br>● खरिद गरीएका औषधीहरु सम्बन्धीत प्राविधिकको संलग्नतामा मूल्याङ्कन र रुजु गरी दाखिला गर्ने।<br>● औषधी खरिदको प्रतिवेदन ईएलएमआइएस (eLMIS) प्रणालीमा आवद्ध (प्रविष्ट) गर्ने । |
| **बजेट बाँडफाँट** | सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४(संसोधन साहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७९ को बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिने छ । |
| **अनुगमन र मूल्याङ्कन** | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय । |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न पश्चात प्रगति प्रतिवेदन मासिक, त्रैमासिक र वार्षिक रूपमा अनिवार्य सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |

## ८. आँखा उपचार सेवा कार्यक्रम [निरन्तरता]

| PLMBIS code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम ( रु) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८७५ | २२५२२ | ४ | पटक | बेनी, पर्वत, स्याङजा, दमौली धौलागिरि ,गोरखा, लमजुङ र मध्यविन्दु ६ लाख | सबै |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | नेपालमा आँखा सम्वन्धी समस्याहरु दिन प्रति दिन बढ्दो क्रममा छ।मोवाईल, कम्प्युटर, टेलिभिजनको अत्याधिक प्रयोग भई स्क्रिन समय (Screen Time) अधिक हुनुका साथै धुलो, धुवाँवाट हुने वायु प्रदुषणको साथै दिर्घकालिन रोग (Diabetes) आदि बाट पनि आँखा सम्वन्धी समस्या बढ्दो क्रममा छ । तसर्थ यस्ता समस्याको मनन् गर्दै आँखा सेवा कार्यक्रम सञ्चालन गर्न आवस्यक छ। गुणस्तरिय आँखा सेवा कार्यक्रम नियमित रुपमा सञ्चालनार्थ मानव संशाधन परिपूर्तिका लागी यो बजेट विनियोजन गरिएको हो। |
| उद्देश्य | आँखा सेवा कार्यक्रम सहज रुपमा सुचारु गर्नु । |
| अपेक्षित प्रतिफल | आँखा सम्बन्धी समस्या भएका विरामीहरुले अस्पतालबाट गुणस्तरीय आँखा उपचार सेवा पाउँने छन। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | बेनी, पर्वत, स्याङजा, दमौली, लमजुङ, धौलागिरि ,गोरखा र मध्यविन्दु जिल्ला अस्पताल |
| कार्य सञ्चालन प्रकृया | ● उपलब्ध बजेटको परिधि भित्र रही गण्डकी प्रदेश सरकारको “सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९” बमोजिम एकजना अप्थाल्मिक असिस्टेण्टको करार सम्झौतामा व्यवस्थापन गरी कामकाज गराउने ।<br>● भर्ना भएको जनशक्तिबाट आँखा उपचार सेवा सञ्चालन गर्ने ।<br>● सो जनशक्तिले सेवा रजिस्टरमा सेवाग्राहीको अभिलेख अद्यावधिक गरी सेवा प्रवाह गरेको तथ्याङ्क DHIS२/EMR मा प्रविष्ट गर्नु गराउनु पर्नेछ । |

| विषयवस्तु | विवरण |
|---|---|
| | ● आबस्यक औजार उपकरण र औषधि व्यबस्थापन गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४(संसोधन साहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७९ को बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिने छ। |
| अनुगमन र मूल्याङ्कन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय। |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न पश्चात प्रगति प्रतिवेदन मासिक, त्रैमासिक र वार्षिक रूपमा अनिवार्य सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ। |

## ९. स्वीकृत कार्यविधि बमोजिम रगत तथा रगतजन्य सेवा नि:शुल्क व्यवस्थापन

| PLMBIS code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम ( रु) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८७१ | २२५२२ | ४ | पटक | मनाङ्ग, मुस्ताङ अस्पताल- १लाख<br>स्याङ्जा, पर्वत ,गोरखा, दमौली, बेनी अस्पताल- ४ लाख,<br>धौलागिरी ,मध्यविन्दु र लमजुङ अस्पताल- ६ लाख<br>मातृशिशु मितेरी अस्पताल-४ करोड | सवै |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | स्वास्थ्य सेवा प्रवाहका क्रममा रगतको आवश्यकता पर्ने बिरामी तथा दुर्घटनाका कारण रगतको आवश्यकता पर्ने अवस्थामा रहेका व्यक्तिले आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने क्रममा तत्काल आवश्यक पर्ने रगत तथा रगतजन्य सेवाको अभावमा जीवन जोखिममा पर्ने अवस्थाको अन्त्य गरी नागरिकको बाँच्न पाउने अधिकार सुनिश्चितताका लागि यो कार्यक्रम सञ्चालन गरिएको हो। |

| विषयवस्तु | विवरण |
|---|---|
| उद्देश्य | गुणस्तरीय रगत तथा रगतजन्य सेवालाई नि:शुल्क उपलब्ध गराई नागरिकको आर्थिक व्ययभार कम गर्ने र उपचारमा सहजता ल्याउने। |
| अपेक्षित प्रतिफल | नागरिकलाई नि:शुल्क रुपमा गुणस्तरीय रगत तथा रगतजन्य सेवा उपलब्ध भई जीवन रक्षा भएको हुनेछ। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | मनाङ्ग, मुस्ताङ, बेनी, धौलागिरी, पर्वत, स्याङ्जा, मातृशिशु मितेरी, दमौली, लमजुङ, गोरखा, मध्यविन्दु जिल्ला अस्पताल |
| कार्य सञ्चालन प्रकृया | ● गण्डकी प्रदेश सरकारले जारी गरेको "रगत तथा रगतजन्य सेवा नि:शुल्क व्यवस्थापन कार्यविधि, २०७८" अनुसार कार्यक्रम सञ्चालन गर्ने र blood bank स्थापना भएको अस्पतालहरुमा रगत तथा रगतजन्य सेवा प्रदान गर्न अस्पतालको जिम्मेवारी रहनेछ। रगत तथा रगतजन्य सेवा उपलब्ध गराईने ब्यक्तिलाई आबस्यक पर्ने रगत, रगतजन्य पदार्थ, blood bag, रक्तपरिक्षण नि:शुल्क गराउनुपर्नेछ र सो बापत अस्पताललाई बढीमा प्रति युनिट रु. १००० शोध भर्ना उपलब्ध गराईनेछ।साथै उक्त रकम इक्लीया प्रयोग पश्चात प्रति यूनिट बढीमा रु१२५० हुनेछ।<br>● नि:शुल्क रक्तसञ्चार सेवा लिएका व्यक्तिहरूको अभिलेख कार्यविधिले तोके बमोजिमको सम्बन्धित रक्त सेवा प्रदायकले चुस्त-दुरुस्त राख्ने।<br>● नि:शुल्क रक्तसञ्चार सेवा प्रदान गरे बापत अस्पताल र ब्लड बैंक बीच भएको सम्झौता अनुसार शोधभर्ना दिने। |
| बजेट बाँडफाँट | रगत तथा रगतजन्य सेवा नि:शुल्क व्यवस्थापन कार्यविधि, २०७८ ले तोके बमोजिमको प्रक्रिया पुरा गरी अस्पताल र रक्त सञ्चार सेवा प्रदायक बीच भएको सम्झौता अनुसार शोधभर्ना दिने। |
| अनुगमन र मूल्याङ्कन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय। |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न पश्चात मासिक, त्रैमासिक र वार्षिक रूपमा प्रगति प्रतिवेदन अनिवार्य सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ। |

## १०. गर्भवती महिलाहरुको लागी अस्पतालमा नि:शुल्क USG कार्यक्रम (३ देखि ६ महिनाको गर्भवती महिला)

| PLMBIS code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम ( रु) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८७४ | २२५२२ | ४ | पटक | मनाङ्ग, मुस्ताङ अस्पताल-१ लाख मातृशिशु मितेरी ,लमजुङ अस्पताल-४ लाख र बाँकी अस्पताल-३ लाख | सबै |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | गर्भवती महिलाहरुले USG (भिडियो एक्सरे) सेवा प्राप्त गर्न धेरै टाढा जानु पर्ने र खर्च धेरै गर्नु पर्ने भएकोले यो कार्यक्रम सञ्चालन गरिएको छ ।बिशेषज्ञ चिकित्सक वा मेडिकल अधिकृत मार्फत गर्भवती महिलाहरु (३ महिना देखि ६ महिनासम्मको गर्भ रहेको) लाई एक पटक नि:शुल्क USG सेवा उपलब्ध गराउन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | गर्भवती महिलाहरुलाई USG सेवा लिन उत्प्रेरित गर्नु । |
| अपेक्षित प्रतिफल | गर्भवती महिलाहरुको USG गर्भ परिक्षण दरमा बृद्धि भएको हुनेछ । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | मनाङ्ग, मुस्ताङ, बेनी, धौलागिरी, पर्वत, स्याङ्जा, मातृशिशु मितेरी, दमौली, लमजुङ, गोरखा, मध्यविन्दु जिल्ला अस्पताल |
| कार्य सञ्चालन प्रकृया | ● गर्भवती महिलाहरु (३ महिना देखि ६ महिनासम्मको गर्भ रहेको) लाई एक पटक नि:शुल्क USG सेवा उपलब्ध गराउने ।<br>● Free USG को छाप बनाई गर्भवती कार्डमा उल्लेख गर्नु पर्ने ।<br>● सेवाग्राहीको अभिलेख एउटा छुट्टै रजिस्टरमा राख्ने ।<br>● USG सेवा सञ्चालन गर्न आवश्यक पर्ने जेली, रिपोर्ट तथा अन्य सामग्री खरिदमा यो बजेट खर्च गर्ने । |

| विषयवस्तु | विवरण |
|---|---|
| | ● गण्डकी प्रदेश सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय अन्तर्गतका अस्पतालहरुमा कन्सल्टेन्ट रेडियोलोजिष्ट भएमा निजले र नभएमा कन्सल्टेन्ट गाइनेकोलोजिष्ट वा कन्सल्टेन्ट मेडिकल जनरलिस्टले र सो नभएमा गर्भवती महिलाहरुको USG सम्बन्धी ज्ञान र सीप भएका मेडिकल अधिकृतले गर्भवती महिलाहरुलाई नि:शुल्क USG सेवा प्रदान गर्ने छन् । |
| **बजेट बाँडफाँट** | यस कार्यक्रम सञ्चालन गरे बापत प्रति केश रु. ३५०/- (तीन सय पचास) छुट्याई सो मध्ये सेवा प्रदायकलाई प्रति केश रु. १५०/- (एक सय पचास) र व्यवस्थापनका लागि अस्पताललाई रु.२००/- (दुई सय) उपलब्ध गराउने। |
| **अनुगमन र मूल्याङ्कन** | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न पश्चात मासिक, त्रैमासिक र वार्षिक रूपमा प्रगति प्रतिवेदन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेश र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |

## ११. अस्पतालमा गुणस्तरीय सेवा संचालन एवं प्रवाहका लागी न्यूनतम स्वास्थ्य सेवा मापदण्ड (MSS) कार्ययोजना कार्यान्वयन एवं संचालन [Hospital Strengthening Program]

| PLMBIS code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम ( रु) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८७२ | २२५२२ | ४ | पटक | मनाङ्ग, मुस्ताङ, अस्पताल- ३० लाख<br>गोरखा – ४७ लाख<br>दमौली, मातृशिशु, पर्वत, स्याङ्जा – ४२ लाख<br>बेनी, मध्यविन्दु अस्पताल-४६ लाख<br>लमजुङ- ५० लाख<br>धौलागिरी अस्पताल-५१ लाख | सबै |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | गण्डकी प्रदेशका अस्पतालहरुमा स्वास्थ्य सेवालाई गुणस्तरीय र मापदण्ड अनुकुल बनाउनको लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवा गुणस्तरीय बनाउँनु। |
| अपेक्षित प्रतिफल | अस्पतालको आकस्मिक, प्रयोगशाला, बहिरंग, अन्तरंग, आईशोलेसन कक्ष, सघन उपचार कक्ष, फार्मेसी र एक्स-रे सेवाहरुको गुणस्तर सुधार भएको हुनेछ। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | मनाङ्ग, मुस्ताङ, बेनी, धौलागिरी, पर्वत, स्याङ्जा, मातृशिशु मितेरी, दमौली, लमजुङ, गोरखा, मध्यविन्दु जिल्ला अस्पताल |
| कार्य सञ्चालन प्रकृया | ● सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयसँग समन्वय गरी न्यूनतम सेवा मापदण्डको (Minimum Service Standard) मूल्यांकन सम्बन्धित अस्पतालले सञ्चालन गर्ने।<br>● सो का लागि सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयबाट एक/ एक जना गरी दुई जना, गण्डकी प्रदेश सरकार मातहतको अस्पतालको मे.सु. एक जना र अन्य स्रोत व्यक्ति बढीमा दुई जना गरी जम्मा पाँच जना स्रोत व्यक्तिका रूपमा कार्यक्रममा संलग्न गराउनु पर्नेछ।<br>● कार्यक्रमका स्रोत व्यक्तिहरुलाई अस्पतालबाट नै भ्रमण-भत्ता भुक्तानी हुनेछ। |

| विषयवस्तु | विवरण |
|---|---|
| | ● न्यूनतम सेवा मापदण्ड कार्यक्रम समीक्षाको दिनमा संलग्न सहभागी सबैलाई नियमानुसार खाना/खाजा उपलब्ध गराउने ।<br>● न्यूनतम सेवा मापदण्डको (Minimum Service Standard) मूल्यांकन र समिक्षा (दुई पटक )को लागि अधिकतम जम्मा रु १ लाख ५० हजार मात्र खर्च गर्नुपर्नेछ ।<br>● हरेक ६ महिनाको न्यूनतम सेवा मापदण्डको समीक्षा अनुसार Gap Analysis गरी विभाग /शाखा प्रमुख/इन्चार्जहरूको बैठकबाट कार्य-योजना तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गरी विनियोजित बजेटको ५०% खर्च गर्ने ।<br>● न्यूनतम सेवा मापदण्ड कायम राख्नका लागि अस्पताल सुदृढीकरण कार्यक्रम अन्तर्गत निम्नानुसार खर्च गर्न सकिनेछ:<br>१. अस्पताल तथा अस्पताल परिसरको सरसफाई<br>२. अस्पतालजन्य फोहोरमैला व्यवस्थापन तथा संक्रमण रोकथाम<br>३. अस्पतालका लागि अत्यावश्यकीय विद्युत, इन्धन, खानेपानी तथा ढल निकास व्यवस्थापन तथा AC जडान आदि<br>४. इलेक्ट्रोनिक मेडिकल रेकर्ड (EMR) प्रणालीको लागि औजार-उपकरण खरिद<br>५. अस्पतालका बिभिन्न शाखाहरुको सेवा व्यवस्थापन प्रणाली सुदृढीकरण गर्ने<br>६. सेवाग्राहीका लागि अन्य सेवा सुविधाहरूको सुदृढीकरण<br>७. सामान्य सार्वजनिक मर्मत सम्भार<br>८. Process and Outcome Indicator मुल्याङ्कन गर्नुका साथै सेवाग्राहीको सन्तुष्टि मापन गर्ने<br>● अस्पताल र अस्पताल परिसरको सरसफाईका लागि महिनाको १५ (पन्ध्र) दिन कार्य गर्ने गरी स्वीकृत जिल्ला दररेट अनुसार दैनिक ज्यालादारीमा १ जना सरसफाईकर्मीको व्यवस्थापन गर्न सकिनेछ ।<br>● फोहोरमैला व्यवस्थापन तथा संक्रमण रोकथाम कार्यका लागि बुट, एप्रोन, मास्क, ग्लोब्स, टोपी सहित क्लोरिन सोलुसन/पाउडर, फिनेल, Color-coded Dustbin आदि खरिद गर्न सकिनेछ ।<br>● अस्पतालका लागि अत्यावश्यकीय विद्युत, इन्धन, खानेपानी तथा ढल निकास व्यवस्थापन अन्तर्गत के के कार्य गर्ने, के कति सामग्री, औजार-उपकरण, व्यक्ति वा दिन आवश्यक पर्ने हो सो को लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने ।<br>● अस्पतालमा EMR संचालनका लागि आबस्यक कम्पुटर, ल्यापटप, प्रिन्टर आवश्यकता अनुसार खरीद गर्न सकिनेछ ।<br>● अस्पतालको बिभिन्न शाखामा सेवालाई थप ब्यबस्थित बनाउन कार्ययोजना बनाई अस्पतालको प्रमुखबाट स्वीकृत गराई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ । अत्यावश्यक |

| विषयवस्तु | विवरण |
|---|---|
| | स्वास्थ्य सामग्री, औषधी, मेडिकल औजार-उपकरण, फर्निचर एवं फर्निसिङ खरिद तथा पुरानो सामग्रीको मर्मत सम्भार गर्ने।<br>● सेवाग्राहीका लागि अन्य सेवा सुविधाहरू सुदृढीकरण कार्यक्रम अन्तर्गत अस्पतालको आवश्यकता, औचित्यता र प्राथमिकताका आधारमा सेवाग्राहीका लागि डिजिटल टोकन प्रणाली लागू गर्ने, स्वास्थ्य प्रवर्धन, सूचना सञ्चार गर्ने डिजिटल बोर्ड, स्वास्थ्य जनचेतनामूलक कर्नर स्थापना, स्तनपान कक्ष व्यवस्थापन, गुनासो पेटिका व्यवस्थापन, क्यान्टिन व्यवस्थापन, अस्पताल परिसरमा खम्बा सहितको सोलार बत्तिको व्यवस्था, इन्टरनेटको सुबिधा प्रदान गर्ने, नियमित खानेपानीको व्यवस्था गर्ने र आकस्मिक सेवा सञ्चालनका लागि औषधी (Life Saving), तन्ना, तकिया, सिरक, ब्ल्याङ्केट, खोल, पर्दा मर्मत-सम्भार तथा खरिद गर्ने, भवन मर्मत सम्भार गर्ने , अन्य अत्यावश्यक कार्य गर्ने। |
| **बजेट बाँडफाँट** | सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४(संसोधन साहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड ,२०७९ को बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिने छ। |
| **अनुगमन र मूल्याङ्कन** | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय। |
| **प्रतिवेदन** | कार्यक्रमको जिम्मेवारी पाएको कर्मचारीले अनिवार्य रुपमा तोकिएको ढाँचामा कार्यक्रम सञ्चालन पश्चात नियमानुसार पेश्की फर्योट गरी सम्बन्धित कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। साथै, कार्यालयले प्रगति प्रतिवेदन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पेश गर्नु पर्नेछ। |

## १२. अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धिका लागि Continuing Medical Education (CME) कार्यक्रम

| PLMBIS code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम ( रु) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८६९ | २२५२२ | २४ | पटक | मनाङ र मुस्ताङ अस्पताल १लाख २० हजार र अन्य अस्पतालहरु रु २ लाख ४० हजार | सबै |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | स्वास्थ्य सेवा प्रणालीमा निरन्तर नवीनतम तथ्य एवं प्रमाणहरू प्रमाणित भई कार्यन्वयनमा आएका हुन्छन् । Continuing Medical Education (CME) को माध्यमाबाट त्यस्ता नवीनतम जानकारी आदान-प्रदान गरी अस्पतालमा कार्यरत चिकित्सक, नर्स, स्वास्थ्यकर्मी लगायत सम्पूर्ण प्राविधिक कर्मचारीहरुको ज्ञान, सीप, धारणा र वृद्धि गरी चिकित्सा सेवा गुणस्तरीय बनाउँन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | स्वास्थ्यकर्मीहरुमा नवीनतम ज्ञान, सीप, धारणा र दक्षताको अभिबृद्धि गर्नु । |
| अपेक्षित प्रतिफल | नियमित रुपमा Continuing Medical Education (CME) सञ्चालन भई स्वास्थ्यकर्मीहरुमा नवीनतम ज्ञान, सीप, धारणा र दक्षताको अभिबृद्धि भई गुणस्तरीय सेवा प्रवाह भएको हुनेछ। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | मनाङ्ग, मुस्ताङ, बेनी, धौलागिरी, पर्वत, स्याङ्जा, मातृशिशु मितेरी, दमौली, लमजुङ, गोरखा, मध्यविन्दु जिल्ला अस्पताल |
| कार्य सञ्चालन प्रकृया | ● अस्पतालमा कार्यरत प्राविधिक जनशक्तिका लागि नियमित रूपमा स्वास्थ्य क्षेत्रका विभिन्न विषयहरू जस्तै: विश्वव्यापी तथा राष्ट्रिय, स्थानीय स्वास्थ्य समस्या, अस्पतालको आवश्यकता, समसामयिक विषयहरू आदिमा छलफल तथा प्रस्तुतीहरू (Continue Professional Update) गर्ने ।<br>● यो कार्यक्रम प्रत्येक महिनाको कम्तीमा दुई पटक समय र स्थान तोकी सञ्चालन गर्नुपर्नेछ |

| | |
|---|---|
| | ● सो का लागि खाजा र आवश्यक सन्दर्भ सामग्रीको व्यवस्थापन गर्ने।<br><br>● कार्यक्रम सञ्चालनका लागि एउटा छुट्टै अभिलेख/निर्णय पुस्तिका राखी उक्त अभिलेख/निर्णय पुस्तिकामा तपसिल बमोजिमको कुराहरू समावेश गरी प्रमुख/मेडिकल सुपरिटेन्डेन्टबाट प्रमाणित गरी राख्नुपर्नेछ।<br>○ मिति (साल, महिना, गते, बार, समय),<br>○ प्रस्तुतीकरणको विषयवस्तु,<br>○ मुख्य सवाल र छलफलको सार,<br>○ संयोजक/प्रस्तुतकर्ताको नाम, थर र पद,<br>○ उपस्थित जनशक्तिको विवरण र हस्ताक्षार आदि।<br>● विभिन्न निकाय/संस्थाहरुद्धारा आयोजित तालिममा सहभागी हुनु भएका अस्पतालमा कार्यरत चिकित्सक र स्वास्थ्यकर्मीहरुले तालिम सम्पन्न गरी अस्पताल हाजिर भएको १ महिनाभित्र सो बारे अनिवार्य प्रस्तुतीकरण गर्नुपर्नेछ।<br><br>● एउटा CME सेसन कम्तिमा एक घण्टा तीस मिनेट सञ्चालन गर्ने।<br><br>● CME अस्पतालको सकभर आफ्नै बैठक हल वा सभाहलमा सञ्चालन गर्ने।<br><br>● CME को रोस्टर तथा सञ्चालान एवं व्यवस्थापनका लागि एकजना CME संयोजक (चिकित्सक) तोकी, संयोजकले अस्पतालको प्रमुखसँग नियमित समन्वय र सुझाब लिई व्यवस्थित गर्ने।<br><br>● CME संयोजकले अस्पताल प्रमुखबाट प्रमाणित गराई CME को विषय र सहजकर्ता उल्लेख गरी रोस्टर सहितको नियमित सूचना प्रकाशन गर्ने।<br><br>● सो सूचना र CME को हाजिरीको आधारमा सहजकर्तालाई एउटा CME शेसन लिए बापत भत्ता रु. १,०००/- (एक हजार) उपलब्ध गराउने।<br><br>● CME सञ्चालन गर्दा प्रति सहभागी रू. २००/- (दुई सय) का दरले खाजा उपलब्ध गराउने।<br><br>● CME सञ्चालन गर्दा टेलीमेडिसिन सेवा सञ्चालन भएको अस्पताल वा स्वास्थ्य संस्थासँग समन्वय गरी Virtual माध्यमबाट सम्बन्धित प्राविधिकलाई सहभागी गराउने। |

| | |
|---|---|
| | ● अत्यावश्यक विषयको बारेमा अस्पतालभित्र विज्ञ नभएमा बाहिरबाट विज्ञ बोलाई बर्षमा १ CME गर्नसकिनेछ। |
| **बजेट बाँडफाँट** | सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४(संसोधन साहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड,२०७९ को बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिने छ। |
| **अनुगमन र मूल्याङ्कन** | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय। |
| **प्रतिवेदन** | कार्यक्रमको जिम्मेवारी पाएको कर्मचारीले अनिवार्य रुपमा तोकिएको ढाँचामा कार्यक्रम सञ्चालन पश्चात नियमानुसार पेश्की फर्यौट गरी सम्बन्धित कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। साथै, कार्यालयले प्रगति प्रतिवेदन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पेश गर्नु पर्नेछ। |

## १३. नर्सिङ्ग कर्मचारीका लागि CPD (Continuing Professional Development) कार्यक्रम

| PLMBIS code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम ( रु) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८६८ | २२५२२ | २४ | पटक | मनाङ र मुस्ताङ अस्पताल रु ६० हजार र अन्य अस्पतालहरु रु १ लाख २० हजार | सबै |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | स्वास्थ्य सेवा प्रणालीमा थपिने नयाँ-नयाँ धारणा, ज्ञान र सीपहरुबारे अस्पतालमा कार्यरत नर्सिङ्ग कर्मचारीहरुलाई अद्यावधिक राखि स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | नर्सिङ कर्मचारीहरुको नवीनतम ज्ञान, सीप, धारणा र दक्षताको अभिबृद्धि गर्नु। |
| **अपेक्षित प्रतिफल** | नर्सिङ कर्मचारीहरुको नवीनतम ज्ञान, सीप, धारणा र दक्षताको अभिबृद्धि भई गुणस्तरीय सेवा प्रवाह भएको हुनेछ। |

| विषयवस्तु | विवरण |
|---|---|
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | मनाङ्ग, मुस्ताङ, बेनी, धौलागिरी, पर्वत, स्याङ्जा, मातृशिशु मितेरी, दमौली, लमजुङ, गोरखा, मध्यविन्दु अस्पताल |
| **कार्य सञ्चालन प्रकृया** | ● संघले तयार परेको १३ वटा CPD एजुकेशननल मोड्युल्स वा अस्पतालको आवश्यकता अनुसार अन्य थप मोड्युल्सहरु तयार गरी मासिक रूपमा कम्तिमा एक पटक CPD सञ्चालन गर्ने कार्यक्रम सञ्चालन गर्ने।<br>● सम्बन्धित विषयमा प्रशिक्षक प्रशिक्षण तालिम लिएका प्रशिक्षक (स्नातक तह गरेका नर्स वा चिकित्सक) ले प्रशिक्षण/सहजीकरण गर्ने ।<br>● CPD सञ्चालान एवं व्यवस्थापनको लागि नर्सिङ इन्चार्ज संयोजक हुने र अस्पतालको प्रमुखसँग नियमित समन्वय र सुझाब लिई CPD को विषय र सहजकर्ता उल्लेख गरी रोस्टर सहितको सूचना नियमित प्रकाशन गर्ने ।<br>● कार्यक्रम सञ्चालनका लागि छुट्टै अभिलेख/निर्णय पुस्तिका राखी उक्त अभिलेख/निर्णय पुस्तिकामा तपसिल बमोजिमको कुराहरू समावेश गरी प्रमुख/मेडिकल सुपरिटेन्डेन्टबाट प्रमाणित गरि राख्नुपर्नेछ ।<br>○ मिति (साल, महिना, गते, बार, समय),<br>○ प्रस्तुतीकरणको विषयवस्तु,<br>○ मुख्य सवाल र छलफलको सार,<br>○ संयोजक/प्रस्तुतकर्ताको नाम, थर र पद,<br>○ उपस्थित जनशक्तिको विवरण र हाजिरी आदि ।<br>● हाजिरीको आधारमा सहजकर्तालाई प्रति CPD शेसन लिए बापत भत्ता रु.१,०००/- (एक हजार) र सहभागीलाई रू.२००/- (दुई सय) बराबरको खाजा अस्पतालले उपलब्ध गराउने<br>● CPD मा सहभागी नर्सहरुलाई CPD Credit Hours सहितको प्रमाणपत्र उपलब्ध गराउने। |
| **बजेट बाँडफाँट** | सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४(संसोधन साहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड, २०७९ को बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिने छ । |

| विषयवस्तु | विवरण |
|---|---|
| अनुगमन र मूल्याङ्कन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय। |
| प्रतिवेदन | कार्यक्रमको जिम्मेवारी पाएको कर्मचारीले अनिवार्य रुपमा तोकिएको ढाँचामा कार्यक्रम सञ्चालन पश्चात नियमानुसार पेश्की फर्यौट गरी सम्बन्धित कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। साथै, कार्यालयले प्रगति प्रतिवेदन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पेश गर्नु पर्नेछ। |

## १४. मुक्तिनाथमा हाई अल्टिच्युट सिक्नेस उपचार केन्द्र सञ्चालन

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू.) | समयावधी (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.९८० | २२५२२ | १ | पटक | मुस्ताङ १० लाख | सबै |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | धार्मिक तथा पर्यटकीय गन्तव्यको रुपमा रहेको मुस्ताङ जिल्लामा अवस्थित मुक्तिनाथ मन्दिर रहेको क्षेत्रको एकीकृत विकास गर्न आन्तरिक तथा बाह्यपर्यटक र मन्दिर दर्शनार्थ जाने भक्तजनहरुमा देखिने लेक लाग्ने समस्या (High Altitute Sickness) को समयमा नै उपचार सेवा प्रदान गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्धेश्य | मुक्तिनाथ क्षेत्रमा जाने पर्यटक तथा दर्शनार्थीहरुमा देखिने लेक लाग्ने समस्या (High Altitute Sickness) को उपचार सेवा निरन्तर प्रदान गर्नु । |
| अपेक्षित प्रतिफल | मुक्तिनाथ क्षेत्रमा जाने पर्यटक तथा दर्शनार्थीहरुमा देखिने लेक लाग्ने समस्याको समयमै पहिचान भई उपचार सेवा सञ्चालन भएको हुनेछ। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | मुस्ताङ अस्पताल। |

| विषयवस्तु | विवरण |
|---|---|
| कार्य सञ्चालन प्रकृया | ● मुस्ताङ अस्पतालले बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिकासँग समन्वय गरी १ जना हेल्थ असिस्टेन्ट (पाँचौं तह) र १ जना कार्यालय सहयोगी  सेवा करारमा राख्ने।<br>● सो जनशक्ति मुस्ताङ अस्पताल मातहत रहने र अस्पतालको मे. सू. प्रति जवाफदेही हुनेछ<br>● सो जनशक्तिलाई बर्ष भरि नै मुक्तिनाथमा रहेको मुक्तिनाथ High Altitude Sickness उपचार केन्द्रमा काममा खटाउने र लेक लाग्ने समस्याको उपचार गर्ने व्यवस्था मिलाउने।<br>● उक्त केन्द्रमा उपचार सेवा प्रदान गर्न प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट औषधी, उपकरण माग गर्ने।<br>● स्वास्थ्य कार्यालयसँगको समन्वयमा उपचार केन्द्र र उपलब्ध सेवाको बारेमा प्रचार प्रसार गर्ने।<br>● उपचार गरेका बिरामीहरुको अभिलेख र प्रतिवेदन सम्बन्धी आवश्यक पर्ने फारमहरू स्वास्थ्य कार्यालयबाट उपलब्ध गराउने र मासिक रुपमा प्रतिवेदन गर्ने। |
| बजेट बाँडफाँट | प्रदेश सकारको प्रचलित आर्थिक ऐन र नियमअनुसार बजेटको परिधिभित्र रही तलब र कार्यालय व्यवस्थापनका लागि नियमानुसार खर्च गर्ने व्यवस्था गर्नुपर्नेछ। |
| अनुगमन र मूल्याङ्कन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय  र स्वास्थ्य निर्देशानालय |
| प्रतिवेदन | कृयाकलाप सम्पन्न भए पश्चात मासिक, त्रैमासिक र वार्षिक रुपमा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय मा पेश गर्नुपर्नेछ। |

## १५. Uterine Prolapse नि: शुल्क शल्यक्रिया कार्यक्रम

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू.) | समयावधी मासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८७८ | २२५२२ | ३ | पटक | मातृशिशु मितेरी अस्पताल १०लाख ४० हजार<br>गोरखा, लमजुङ, धौलागिरि र मध्यविन्दु अस्पताल ९लाख | दोस्रो, तेस्रो, चौथो |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | गण्डकी प्रदेशका महिलाहरुमा पाठेघर खस्ने समस्या उल्लेखनीय रुपमा रहेको छ। आर्थिक एवं भौगोलिक जटिलताले गर्दा समयमै स्वास्थ्य संस्था गई परिक्षण ,शल्यक्रिया र फलोअप गर्ने कार्य भएको पाइदैन् ।पाठेघर खस्ने समस्या भएको महिलाहरुको पाठेघरको शल्यक्रिया उपचार सहज बनाउन यो कार्यक्रम संचालन गर्न लागिएको हो। |
| उद्धेश्य | पाठेघर खस्ने समस्या भएका महिलाहरुको पहिचान गरी शल्यक्रिया गर्नु। |
| अपेक्षित प्रतिफल | पाठेघर खस्ने समस्या भएको महिलाहरुको पाठेघरको शल्यक्रिया भई गुणस्तरीय जीवनयापन भएको हुनेछ। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | मातृशिशु मितेरी, गोरखा, लमजुङ, धौलागिरि र मध्यविन्दु अस्पताल। |
| कार्य सञ्चालन प्रकृया | ● विभिन्न संचार माध्यमबाट प्रचार एवं स्थानीय तहका स्वास्थ्य संस्थाहरुसंग समन्वय गरी सेवाको उपलब्धता बारे जानकारी दिने।<br>● स्वास्थ्य सेवामा पहुच कम रहेको स्थानीय तहसंग समन्वय गरी पाठेघर तथा आङ (pelvic organ prolapse) खस्ने समस्याबाट पिडितहरुको पहिचान गर्न स्त्री रोग विशेषज्ञ सहितको टोलि द्वारा कम्तिमा तीन ठाउँमा स्वास्थ्य शिविर संचालन गर्ने। |

| विषयवस्तु | विवरण |
|---|---|
| | ● शिविर संचालनको लागि आबस्यक औजार, उपकरण, Ring Pessary तथा औषधि खरीद गर्ने ।<br>● Ring Pessary राख्नुपर्ने विरामीहरुलाई नि: शुल्क Ring Pessary राख्ने ।<br>● सो शिविर तथा OPD बाट पहिचान भएका बिरामीहरुको नि:शुल्क उपचार एवं शल्यक्रिया गर्ने ।<br>● उपचार गरेका बिरामीहरुको अभिलेख र खर्चको विवरणसहितको प्रतिवेदन तयार गरि स्वास्थ्य निर्देशनालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन गर्ने । |
| **भएका बजेट बाँडफाँट** | शिविर संचालन गर्न व्यवस्थापन ,औजार उपकरण र औषधि सहित गरी अधिकतम जम्मा रु ३ लाख खर्च गर्न सकिनेछ ।<br>स्वास्थ सस्थाले शल्यक्रिया गरे बापत प्रति केश रु १३,००० सोध भर्ना प्राप्त गर्ने छ ।सो मध्ये रु ९,०००० शल्यक्रिया, शैय्याशुल्क, औषधी, खाना आदिको लागि खर्च गर्ने र रु ४.००० शल्यक्रियामा संलग्न सेवाप्रदायकहरुलाई प्रोत्साहन भत्ताको रुपमा निर्णय गरी वाडफाड गरेर उपलब्ध गराउने ।<br>यसका अतिरिक्त यातायात वापत प्रति सेवाग्राही र एक कुरुवालाई गरी एकमुष्ट हिमाली जिल्लाका सेवाग्राहीहरुलाई रु १,५००, पहाडी जिल्लाका सेवाग्राहीहरुलाई रु १,००० र रु तराई जिल्लाका सेवाग्राहीहरुलाई रु ५०० प्रदान गर्न सकिनेछ । |
| **अनुगमन र मूल्याङ्कन** | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशानालय |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पश्चात मासिक, त्रैमासिक र वार्षिक रुपमा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय मा पेश गर्नुपर्नेछ । |

## १६. कृत्रिम हातखुट्टा परियोजना संचालन [निरन्तरता]

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू.) | समयावधी (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८७९ | २२५२२ | ४ | पटक | मध्यविन्दु अस्पताल ६लाख | सबै |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | विगतदेखि मध्यविन्दु अस्पताल र सिजी फाउन्डेसनको साझेदारीमा सञ्चालित कृत्रिम हातखुट्टा परियोजनाबाट सेवा दिईरहेकोमा कृत्रिम हातखुट्टा आवश्यक सेवाग्राहिहरुको सङ्ख्या वृद्धि भएकोले प्रदेश सरकारबाट यस परियोजनाको निरन्तरता र विस्तारको लागि यो कार्यक्रम राखिएको छ। |
| उद्धेश्य | कृत्रिम हातखुट्टा सेवा परियोजना नियमित र प्रभावकारी रुपले सञ्चालन गर्नु। |
| अपेक्षित प्रतिफल | अपाङ्गता भएका व्यक्तिले निःशुल्क रुपमा कृतिम हात खुट्टा प्राप्त गरी गुणस्तरीय जीवनयापन गर्नेछन्। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | मध्यविन्दु जिल्ला अस्पताल |
| कार्य सञ्चालन प्रकृया | विविध कारणले हातखुट्टा गुमाएका व्यक्तिहरुलाई निःशुल्क रुपमा कृत्रिम हात खुट्टा प्रदान गर्नुपर्नेछ।यसरी कार्यक्रम सञ्चालन गर्दा विनियोजित रकमबाट आवश्यकता अनुसार कर्मचारी व्यवस्थापनमा ( प्राविधिक र कार्यालय सहयोगि), केन्द्रको मर्मत सम्भार र प्रचार प्रसार सामग्री प्रकाशन तथा वितरण लगायतमा बजेट खर्च गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | प्रदेश सकारको प्रचलित आर्थिक ऐन र नियमअनुसार बजेटको परिधिभित्र रही खर्च गर्ने व्यवस्था गर्नुपर्नेछ। |
| अनुगमन र मूल्याङ्कन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशानालय |
| प्रतिवेदन | उपचार गरेका बिरामीहरुको अभिलेख र खर्चको विवरणसहितको प्रतिवेदन तयार गरि मासिक, त्रैमासिक र वार्षिक रुपमा स्वास्थ्य निर्देशनालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन गर्नुपर्नेछ। |

## १७. फिजियोथेरापी सेवा संचालन कार्यक्रम

| PLMBIS code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम ( रु.) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८८० | २२५२२ | ४ | पटक | स्याङ्जा अस्पताल-२० लाख<br>मध्यविन्दु अस्पताल -१० लाख | सबै |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | स्याङ्जा र नवलपरासी पूर्व जिल्लाका फिजियोथेरापी सेवा आवश्यक हाडजोर्नी एवं नसा रोगका विरामीहरुका लागि फिजियोथेरापी सेवा प्रवाह गरी गुणस्तरीय जिवनयापनमा सघाउ पुर्याउन यो कार्यक्रम संचालन गरिएको छ। |
| उद्देश्य | अस्पतालमा फिजियोथेरापी सेवा संचालन गर्नु। |
| अपेक्षित प्रतिफल | स्याङ्जा अस्पतालमा फिजियोथेरापी सेवा संचालन भई विरामीहरुको गुणस्तरीय जिवनयापन भएको हुनेछ। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | मध्यविन्दु र स्याङ्जा अस्पताल |
| कार्य सञ्चालन प्रकृया | • विनियोजित रकमबाट फिजियोथेरापिष्ट/फिजियोथेरापी सहायकको तलब तथा आवश्यक सामग्री खरिद लगायतमा बजेट खर्च गर्न सकिनेछ।<br>• फिजियोथेरापी सेवा संचालन गर्न आवश्यक औजार एंव उपकरण खरिद गर्ने।<br>• सेवा प्रदायकले निर्दिष्ट सेवा रजिस्टरमा अनिवार्य HMIS/EMR अभिलेख राखी DHIS२ मा नियमित प्रतिवेदन गर्ने। |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४(संसोधन साहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७९ को बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिने छ। |

| विषयवस्तु | विवरण |
|---|---|
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य निर्देशनालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश। |
| प्रतिवेदन | स्वास्थ्य निर्देशनालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय मा प्रगति प्रतिवेदन पठाउनु पर्नेछ। |

## १८. सर्पदंश उपचार केन्द्र संचालन [निरन्तरता]

| PLMBIS code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम ( रु.) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८८१ | २२५२२ | ४ | पटक | मध्यविन्दु अस्पताल ६ लाख | सवै |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | नवलपरासी पूर्व जिल्ला सर्पदशंका विरामीहरु बढिरहेका छन्।सर्पदंशका विरामीहरुलाई सहज रुपमा चिकित्सा सेवा प्रवाह गर्न यो कार्यक्रम संचालन गरिएको छ। |
| उद्देश्य | मध्यविन्दु अस्पतालमा सर्पदंश उपचार सेवा संचालन गर्नु । |
| अपेक्षित प्रतिफल | मध्यविन्दु अस्पतालमा सर्पदंश उपचार सेवा संचालन भई सर्पदंशका विरामीहरुको जिवनरक्षा हुनेछ। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | मध्यविन्दु अस्पताल |
| कार्य सञ्चालन प्रकृया | • विनियोजित रकमबाट सर्पदंश उपचारमा परिचालन गर्न हेल्थ असिस्टेन्ट नियुक्त गर्ने।<br>• सर्पदंशमा विरामीहरुको निङ्शुल्क प्रयोगशाला परिक्षणको व्यवस्था गर्ने<br>• निर्दिष्ट सेवा रजिस्टरमा अनिवार्य HMIS/EMR अभिलेख राखी DHIS२मा नियमित प्रतिवेदन गर्ने। |

| विषयवस्तु | विवरण |
|---|---|
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन,२०६३, सार्वजनिक खरिद नियमावली,२०६४(संसोधन साहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड, २०७९ को बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिने छ। |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य निर्देशनालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश। |
| प्रतिवेदन | स्वास्थ्य निर्देशनालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयमा प्रगति प्रतिवेदन पठाउनु पर्नेछ। |

## १९. Blood Bank स्थापना तथा संचालन

| PLMBIS code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम ( रु.) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८८२ | २२५२२ | १ | पटक | लमजुङ अस्पताल १२ लाख | दोश्रो |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | दुर्घटनामा परेका, सुत्केरी ,शल्यक्रिया गरिएका विरामीहरुका लागि आवश्यक रगत एंव रक्तजन्य पदार्थ समयमै रगतको उपलब्ध गराउनको लागि यो कार्यक्रम संचालन गरिएको छ |
| उद्देश्य | लमजुङ अस्पतालमा Blood Bank  स्थापना गरी आवस्यक विरामीहरुका लागि समयमै रगतको उपलब्ध गराउनु। |
| अपेक्षित प्रतिफल | लमजुङ अस्पतालमा Blood Bank  स्थापना भई सेवा संचालन भएको हुनेछ। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | लमजुङ अस्पताल |

| विषयवस्तु | विवरण |
|---|---|
| कार्य सञ्चालन प्रकृया | • Red cross ले संचालन गरेका Blood Bank आवस्यक समन्वय गरी कार्य संचालन गर्ने<br>• विनियोजित रकमबाट Blood Bank स्थापना गर्नका लागी भवन निर्माण सम्भार साथै आवश्यक औजार उपकरण एवं रिएजेन्ट खरिद गर्ने।<br>• रक्तसंचार सेवा संचालन गर्न जनशक्ति व्यवस्था गर्ने।<br>• निर्दिष्ट सेवा रजिस्टरमा अनिवार्य HMIS/EMR अभिलेख राखी DHIS२मा नियमित प्रतिवेदन गर्ने। |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन,२०६३, सार्वजनिक खरिद नियमावली, २०६४(संसोधन साहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड, २०७९ को बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिने छ। |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य निर्देशनालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय ,गण्डकी प्रदेश। |
| प्रतिवेदन | स्वास्थ्य निर्देशनालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयमा प्रगति प्रतिवेदन पठाउनु पर्नेछ। |

## २०. Hydrocele शल्यक्रिया कार्यक्रम

| PLMBIS code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम ( रु.) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८८३ | २२५२२ | ४ | पटक | धौलागिरि र लमजुङ अस्पताल ३ लाख<br>स्याङ्जा अस्पताल २ लाख ४० हजार | सवै |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | हात्तीपाईले रोगको निवारण तथा नियन्त्रण कार्यक्रम अन्तर्गत Hydrocele भएका मानिसहरुलाई नि:शुल्क रुपमा शल्यक्रिया सेवा उपलब्ध गराउन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | Hydrocele भएका मानिसहरुलाई नि:शुल्क रुपमा शल्यक्रिया सेवा उपलब्ध गराउनु । |
| अपेक्षित प्रतिफल | Hydrocele भएका मानिसहरुको नि:शुल्क रुपमा समयमै शल्यक्रिया भई जिवनयापनमा सहजता हुनेछ । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | धौलागिरि,स्याङ्जा र लमजुङ अस्पताल |
| कार्य सञ्चालन प्रकृया | • Hydrocele भएका मानिसहरुलाई नि:शुल्क रुपमा शल्यक्रिया सेवा उपलब्ध गराउने<br>• सेवाग्राहीको अभिलेख एउटा छुट्टै रजिस्टरमा राख्ने ।<br>• Hydrocele भएका मानिसहरुलाई निशुल्क रुपमा शल्यक्रिया सेवा सञ्चालन गर्न आवश्यक पर्ने औषधि तथा सर्जिकल सामग्रीहरुको खरिदमा यो बजेट खर्च गर्ने ।<br>• अस्पतालमा कन्सल्टेन्ट सर्जन (Consultant Surgeon) भएमा निजले र कन्सल्टेन्ट सर्जन नभएमा कन्सल्टेन्ट मेडिकल जनरलिस्ट [Consultant Medical Generalist ]ले, कन्सल्टेन्ट मेडिकल जेनेरलिस्ट नभएमा Hydrocele को शल्यक्रिया सम्बन्धि ज्ञान र शिप भएका मेडिकल अधिकृत (Medical Officer) ले Hydrocele भएका मानिसहरुलाई शल्यक्रिया सेवा प्रदान गर्ने छन् । |

| विषयवस्तु | विवरण |
|---|---|
| बजेट बाँडफाँट | यस कार्यक्रम सञ्चालन गरे बापत रु. ७,००० प्रति केश अस्पतालले सोधभर्ना प्राप्त गर्नेछ। सो मध्ये सेवा प्रदायकहरुलाई निर्णय गरी बाडफाड गरेर  प्रोत्साहनको रुपमा रु. ३,००० प्रति केश उपलब्ध गराउने र रु. ४,००० अस्पतालको समितिको कोषमा शल्यक्रिया व्यवस्थापन वापत शोधभर्ना भुक्तानी गर्नु पर्नेछ \| यसको लागि रजिस्टरमा सेवाग्राही र सेवा प्रदायकहरुको अभिलेख राख्नु पर्नेछ |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य निर्देशनालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय  गण्डकी प्रदेश। |
| प्रतिवेदन | स्वास्थ्य निर्देशनालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयमा प्रगति प्रतिवेदन पठाउनु पर्नेछ। |

## २१. थालेसिमिया/ हेमोफिलियाको नि:शुल्क उपचार

| PLMBIS code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम ( रु.) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८८५ | २२५२२ | ४ | पटक | धौलागिरि, गोरखा र मध्यविन्दु अस्पताल ६ लाख | सबै |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | गण्डकी प्रदेशमा थालेसिमिया र हेमोफिलियाका विरामीहरुको संख्या बढिरहेको छ ।यस्को उपचार महंगो छ र साथै सहज रुपम उपलब्ध छैन ।अस्पतालमा थालेसिमिया र हेमोफिलियाको निशुल्क उपचार उपलब्ध गराउन यो कार्यक्रम राखिएको छ \| |
| उद्देश्य | थालेसिमिया र हेमोफिलियाका विरामी नि:शुल्क उपचार गरी आर्थीक व्ययभार कम गर्नु \| |
| अपेक्षित प्रतिफल | थालेसिमिया र हेमोफिलियाका विरामीहरुको नि:शुल्क उपचार भई गुणस्तरीय जिवनयापनमा सघाउ पुग्नेछ। |

| विषयवस्तु | विवरण |
|---|---|
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | धौलागिरि ,गोरखा र  मध्यविन्दु  अस्पताल |
| **कार्य सञ्चालन प्रकृया** | • थालेसिमिया र हेमोफिलियाको लागि आवश्यक औषधि तथा सामाग्रीहरुको पहिचान गरि सुची तयार गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ (संसोधन सहित), सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित), खर्चको मापदण्ड  (गण्डकी प्रदेश), २०७९ अनुसार थालेसिमिया र हेमोफिलियाको लागि आवश्यक औषधिहरुको खरिद गर्ने |
| **बजेट बाँडफाँट** | सार्वजनिक खरिद ऐन,२०६३ (संसोधन सहित), सार्वजनिक खरिद नियमावली,२०६४ (संसोधन सहित), खर्चको मापदण्ड  (गण्डकी प्रदेश), २०७९ बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिने छ । |
| **अनुगमन र मूल्याङ्कन** | स्वास्थ्य निर्देशनालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश । |
| **प्रतिवेदन** | स्वास्थ्य निर्देशनालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयमा प्रगति प्रतिवेदन पठाउनु पर्नेछ । |

## २२. डिआर टिवि रिफरल सेन्टर सञ्चालन [निरन्तरता]

| PLMBIS code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम ( रु.) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८८८ | २२५२२ | १ | वटा | मध्यविन्दु अस्पताल १० लाख | सवै |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | नवलपरासी पूर्व र आसपासमा रहेका डिआर टिवि का विरामीहरु बढिरहेका छन् ।डिआर टिविका विरामीहरुको चिकित्सा सफलता दर बढाउने हेतुले आवासीय चिकित्सा सेवा प्रदान गर्न यो कार्यक्रम संचालन गरिएको छ । |
| उद्देश्य | डिआर टिवि का विरामीहरुलाई नि:शुल्क आवासीय उपचार गर्नु । |
| अपेक्षित प्रतिफल | डिआर टिवि का विरामीहरुलाई नि:शुल्क र गुणस्तरीय आवासीय उपचार सेवा उपलब्ध भई चिकित्सा सफलता दर बृद्धि भएको हुनेछ । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | मध्यविन्दु अस्पताल |
| कार्य सञ्चालन प्रकृया | • डिआर टिविका विरामीहरुको उपचारको लागि स्वास्थ्यकर्मी र सहयोगी १।१जना नियुक्त गर्न सकिनेछ ।<br>• आवश्यक औजार उपकरणहरुको सुची र लागत तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गरी खरिद गर्ने ।<br>• भर्ना गरिएका विरामीहरुलाई नि:शुल्क खाना तथा प्रयोगशाला शुल्कको शोधभर्नाको व्यवस्था गर्ने । |
| बजेट बाँडफाँट | • जनशक्ति व्यवस्थापन ÷रु ५ लाख<br>• नि:शुल्क खाना ÷रु १ लाख<br>• प्रयोगशाला शुल्क शोधभर्ना ÷रु३ लाख<br>• औजार उपकरण खरिद एवं मर्मत सम्भार ÷रु१ लाख |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य निर्देशनालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश । |
| प्रतिवेदन | स्वास्थ्य निर्देशनालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयमा प्रगति प्रतिवेदन पठाउनु पर्नेछ । |

## २३. सिकलसेल एनिमियाको नि:शुल्क उपचार

| PLMBIS code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम ( रु.) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.९२७ | २२५२२ | ३ | पटक | मध्यविन्दु अस्पताल ६ लाख | दोश्रो, तेश्रो र चौथो |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | नवलपरासी पूर्व र आसपासको क्षेत्रमा सिकलसेल एनिमियाका विरामीहरु बढिरहेका छन्। ।यस्को उपचार महंगो छ र साथै सहज रुपम उपलब्ध छैन। सिकल सेल एनिमियाका विरामीहरुलाई सहज रुपमा चिकित्सा सेवा प्रदान गर्न यो कार्यक्रम संचालन गरिएको छ । |
| उद्देश्य | सिकल सेल एनिमियाका विरामीहरुलाई चिकित्सा सेवा प्रदान गर्नु । |
| अपेक्षित प्रतिफल | सिकल सेल एनिमियाका विरामीहरुको नि:शुल्क उपचार भई गुणस्तरीय जिवनयापनमा सघाउ पुग्नेछ । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | मध्यविन्दु अस्पताल |
| कार्य सञ्चालन प्रकृया | • आवश्यक औजार उपकरण र औषधिहरुको सुची र लागत तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गरी खरिद गर्ने ।<br>• आवश्यक प्रयोगशाला जाँच नि:शुल्क गरी शोधभर्ना गर्ने । |
| बजेट बाँडफाँट | औजार उपकरण र औषधिको खरिद ÷रु ३ लाख<br><br>प्रयोगशाला शोधभर्ना ÷रु ३ लाख |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य निर्देशनालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश । |
| प्रतिवेदन | स्वास्थ्य निर्देशनालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयमा प्रगति प्रतिवेदन पठाउनु पर्नेछ । |

## २४. अति गरिव, विपन्न एवं बेबारिसे व्यक्तिहरुको स्वास्थ्य उपचार सेवा[निरन्तरता]

| PLMBIS code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम ( रु.) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.९७९ | २२५२२ | ४ | पटक | मनाङ र मुस्ताङ अस्पताल रु १ लाख र अन्य अस्पतालहरु रु २ लाख | सबै |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | नेपालको संविधानले सबै जनताको आधारभूत स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा स्थापित गरेको छ। अति गरिब, बिपन्न एबं बेवारिसे व्यक्तिहरुको नि:शुल्क उपचार गरी संविधान प्रदत्त अधिकारको सुनिश्चितताको लागि यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | अति गरिब, बिपन्न एबं बेवारिसे व्यक्तिहरुको नि:शुल्क उपचार गरी उनीहरूको स्वास्थ्य रक्षा गर्नु। |
| **अपेक्षित प्रतिफल** | अति गरिब, बिपन्न एबं बेवारिसे व्यक्तिहरुले आर्थीक अभावकै कारण उपचारबाट बन्चित भएका हुने छैनन्। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | सवै अस्पतालहरु |
| **कार्य सञ्चालन प्रकृया** | अति गरिब, बिपन्न एबं बेवारिसे व्यक्तिहरुको लागि नेपाल सरकारले जारी गरेको सिफारिस पत्र, परिचयपत्र वा स्थानीय तह वा वडा कार्यालयको सिफारिस वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सूचीको आधारमा लक्षित समूह पहिचान गरी सामाजिक सेवा ईकाई (स्थापना तथा सञ्चालन) निर्देशिका, २०७८ ले तोकेको प्रावधान अनुसार लक्षित समूहलाई सामाजिक सेवा ईकाई व्यवस्थापन समितिले तोके बमोजिम आवश्यक स्वास्थ्य सेवा नि:शुल्क प्रदान गर्नुपर्नेछ। |
| **बजेट बाँडफाँट** | सार्वजनिक खरिद ऐन २०६३ (संसोधन सहित), सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित), खर्चको मापदण्ड (गण्डकी प्रदेश), २०७९ अनुसार । |

| विषयवस्तु | विवरण |
|---|---|
| **अनुगमन र मूल्याङ्कन** | स्वास्थ्य निर्देशनालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय ,गण्डकी प्रदेश। |
| **प्रतिवेदन** | स्वास्थ्य निर्देशनालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयमा प्रगति प्रतिवेदन पठाउनु पर्नेछ। |